सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५नं. प्रदेश, नेपाल

सूचना नं. १८

**प्रस्तावदाता छनौट गरिएको सम्बन्धमा।**

(सूचना प्रकाशित मितिः २०७५।०७।०८)

**श्री सरोकारवाला सबै**

यस कार्यालयको आ.व.२०७५।०७६ बाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार गाउँपालिका क्षेत्रभित्र **बहुउद्देश्यीय हल सहितको गाउँपालिका भवन र वडा कार्यालयहरुको (४ र ७ नं. वडाको) भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने** सम्बन्धमा मिति २०७५।०६।०७ गते प्रस्तावना पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार तोकिएको समयावधिभित्र रितपूर्वक दरखास्त परेका प्रस्तावहरु यस कार्यालयमा गठित मूल्यांकन समितिद्वारा मिति २०७५।०६।२२ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र मिति २०७५।०६।२३ मा बहुउद्देश्यीय हल सहितको गाउँपालिका भवन र वडा कार्यालयहरुको (४ र ७ नं. वडाको) भवन निर्माणको लागी विस्तृत परियोजना प्रतिवेदन तयारको प्राविधिक प्रस्ताव खोली मूल्यांकन गरी उच्चतम अङ्क प्राप्त गर्न सफल कम्पनी,फर्म वा संस्थाको आर्थिक प्रस्ताव मिति २०७५।०७।०६ गते खोली उक्त प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको समग्र मूल्याकंनको लागि उप-समितिलाई जिम्मा दिईएकोमा उक्त समितिको मिति २०७५।०७।०७ गतेको प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त नतिजा मूल्यांकन समितिमा पेश गरेबमोजिम मूल्यांकन समितिको मिति २०७५।०७।०८ गतेको निर्णय बमोजिम तपशिल बमोजिमका प्रस्तावदाताहरुको छनौट भई स्वीकृत गर्ने निर्णय भएकोले सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएअनुसार छनौट भएका प्रस्तावदाता सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा सम्झौता गर्न आउनुहुन अनुरोध छ। तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा निज प्रस्तावदाताको प्रस्ताव रद्द गरी प्रचलित कानुन बमोजिम अर्को प्रस्तावदातालाई सम्झौताको लागी पत्राचार गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपशिल**

| क्र.सं. | प्रस्तावदाता कम्पनी/फर्मको नाम | छनौट गरिएको प्रस्तावको किसिम | कबोल अंक (कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | Next Consult Pvt. Ltd., Kathamandu. | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने। | रु.३,००,०००।-(अक्षरुपी तिन लाख रुपियाँ मात्र) | |
| २. | Eversafe Engineering Consultancy Pvt. Ltd., Kathamandu. | बहुउद्देश्यीय हल सहितको गाउँपालिका भवन र वडा कार्यालयहरुको (४ र ७ नं. वडाको)भवन निर्माणको लागी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने। | रु. ४,९९,००८।-(अक्षरुपी चार लाख उनान्सय हजार आठ रुपियाँ मात्र) | |

२०७५।०७।०८

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत